# Living the Lotus

## Buddhism in Everyday Life

9
2023
VOL. 216





**Living the Lotus**
**Vol. 216 (September 2023)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्टृय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: केन्सुके ओसादा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्टृय बिभाग कर्मचारी


रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ। रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।



# लोभ नै कष्टको कारण

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## लोभले बिपत्ती बोलाउछ

जापानमा शरद ऋतु आउँदा "शरद आयो अग्लो आकाश छायो, घोडा मोटायो" भने एक कबितामा जस्तै यो ऋतुमा खानेको रुची बढ्छ। गर्मी घट्दै जादा खान रुची बढ्ने कुरामा हामी सबै आभारी हुनु पर्छ। तर धेरै खादा अमन हुने गर्छ भनेर चाही बिर्सिनु हुन्न।

खान धेरै मन लागेर तौल बढ्दै छ भने खान कम गरे होला। शाक्यमुनिले "हामीले अधिक चाहना खोजी लोभमा फसेमा तेस्ले अनेक दुख दिनेछ छ र तेस्तो गर्नेलाई दुर्भाग्यले थिच्नेछ" भने जस्तै जती लोभ गऱ्यो तेती नै तन र मनलाई दुख हुन्छ भन्ने उपदेश दिएका छन। यसारी हामीले लोभ गरेमा हामीलाई "दुर्भाग्यले थिच्छ" भन्ने कुरा समान्य कुरा होईन।

सुत्तनिपत्तको एक श्लोकमा "जमिन, घर, स्त्री, नातेदार जस्ता अनेक लोभ र लालच" भन्ने छ तेसैले धन र सम्पती प्राप्ती हुने अधिक लोभ र मोहमा फसेमा हामिहरु इर्श्या र रिसको शिकार हुनेछौ र एस्ले अनेक बिपत निम्त्याउछ। र कहिलेकाही "त्यो धेरै लोभी छ" भनेर आफुबाट टाढा हुन खोज्दा चित्त दुखेर तन र मनमा बिपत लिएर आउन पनी सक्छ।

शाक्यमुनिले "जसलाई लोभ हुन्छ उस्ले एदी त्यो चाहनाको पुर्ती गर्न नसकेमा बाँड लागेको शिकार जस्तै घाइते हुनेछ" भनेर भनेका छन। शाक्यमुनिले त्यो बेलामा साच्चै तेस्तो मान्छे देखेका पनी होलान या लोभले गर्दा समाजमा खाली झगडा अनि हिंशा भएको पनी देखेका थिए होलान। लोभ लिएर बाच्ने मान्छे स्वस्थ हुनै सक्दैन र धेरै नै दुख भोग्नेछन भन्ने कुरा शाक्यमुनिले आफैले देखेका कुराहरु हुन।

सामाजिक प्राणी भनिने मानिसहरु चहिने भन्दा लोभ नगर्ने जनावरभन्दा पनी लोभ गर्ने गर्छन। तेसैले आफु र अरुको मनको कुरा बुझेर लोभलाई नियन्त्रण गर्न सक्न मेहेनत गर्नु पर्छ।

## भएको कुरामा खुशी हुँदा पाइने सन्तुष्टि

तर हामी मानवमा हुने लोभ भन्ने बस्तु नै सबै खराब चाही होईन । शाक्यमुनिले "सबैलाई मुक्ति" दिलाउछु भन्ने ठुलो "लोभ" राखेर नै दया र अरुप्रतिको सहानुभुती भन्ने एस्तो ठुलो चाहनालाई प्राप्ती गर्छु भनेर सुख पाउने सत्य र धर्मलाई खोजे अनि बुझे । शाक्यमुनिको जस्तै चाहना हाम्रो प्राणमा पनी छ र त्यो नै मानवको उन्नती र बिकाश गर्ने श्रोत हो ।

तर एदी चाहनालाई नियन्त्रण गर्ने सकेन भने "दुख" मा परिणत हुन्छ र हामीले धेरै समस्या भोग्न पर्ने छ । आफुले भने जस्तो नहुँदा दुख मान्ने र आफ्नो सन्तुष्टिको लागि आँखा नदेख्ने गरेमा झनझन दुख आफुतिर आउने गर्दछ । बुद्ध धर्ममा "चाहनालाई नियन्त्रण गरी "पुगेको थाहा पाँउ" भन्ने कुरा महत्वपुर्ण हुन्छ भन्ने उपदेश छ । एस्तो कुराको अभ्यास गरी आफु लोभको दौडमा सामेल नहुँदा बिपतबाट टाढा हुन सकिन्छ भन्ने कुरा थाहा भए पनी तेस्तो गर्न चाही अलि गाह्रो हुन्छ ।

तेसैले यहाँ पाली भाषामा भनिएन "लोभ नियन्त्रण" र "पुगेको बुझ्ने" भन्ने कुरा हेर्दा "आफुलाई चाहिने कुरामा सन्तुष्टि" भन्ने अर्थ लाग्छ । सन्जो धर्मगुरु भनेर चिनिने गेन्जोले एही कुरालाई "पुगेको बुझ्ने" भन्ने कुरालाई "पुग्यो भन्ने खुशी" भन्ने गरेका थिए र अब पुग्यो भनेर बुझ्नु धेरै खुशीको कुरा हो भनेर भनेका छन । अब पुग्नो भन्ने कुरा नै खुशी हो भन्ने अनि पुगे पछी खुशी हो भने हामी तेत्तिकै सन्तुष्ट हुन सक्छौ । पुग्यो भन्ने कुरा थाहा पाउनु भनेर भन्नु भन्दा जे जती छ तेस्ले पुग्छ भन्ने कुरा मनन गर्न सकेमा सजिलैसँग चाहनालाई नियन्त्रण गर्न सकिन्छ ।

र सबैभन्दा महत्वपुर्ण कुरा अब पुग्यो भन्ने कुराले नै हामीले स्वस्थ जिन्दगी बिताउन सक्छौ होला ।

# बुद्धत्व पुज्दा पाएको पुण्य

पर्स्री विजयरत्ने
श्रीलन्का मन्दिर

*यो प्रवचन २०२३ जुन ४मा श्रीलन्का मन्दिरमा "मन्दिर स्थापनाको २५औ वार्षिक उत्सब " मा गरिएको हो।*

सबैजना नमस्ते।

रिश्शो कोसेइ काइ श्री लन्का मन्दिर स्थापनाको २५औ वार्षिक उत्सबमा मलाई बोल्न दिनु भएकोमा धैरै धन्यवाद।

मेरो नाम पर्स्री विजयरत्ने हो । म १९६१को अगस्त २१मा जन्मिएको हु र अहिले ६२ बर्षको भए । १९ बर्षको उमेरमा सरकारसँग काम गर्ने एक अफिसमा काम गर्न थाले। ३० बर्षको उमेरमा रेनुका जयन्थिसँग बिहे गरे र मेरी एक छोरी छ।

१९९७मा मसँग काम गर्ने एक साथिको छोराको रेल दुर्घटनमा मृत्यु भयो। उनको अन्तिम संस्कार हाम्रो अफिसले गर्ने भयो र तेसको मुख्य मान्छे मलाई तोकियो । छोराको मृत्युको दुखले गर्दा ति साथिले पनी आत्महत्या गरे । र ति साथिको अन्तिम कृयाको काम पनी मैले गर्नु पर्ने भयो।

केहिपछी एक ज्योतिषले ति दुइको भाग्यरेखामा जे लेखिएको थियो तेही अनुसार मृत्यु भएको हो भनेर भनेको सुन्दा मलाई पनी ज्योतिष शास्त्रमा रुची लाग्न थाल्यो र ति ज्योतिष बुद्धधर्मका पनी ज्ञाता थिए तेसैले ति गुरुसँग अझ ज्योतिषशास्त्र सिक्न मन लाग्यो।

ज्योतिषशास्त्र पढ्दा खेरी साथी बनेका सुमन्द थिलाकथानजी कोसेइ काइ काइका पनी सदस्य थिए र उनिले गर्दा म १९८८मा कोसेइ काइको सदस्य भए। तेस्पछी २५ बर्ष मेरो जिबन हरेकदिन संस्थापकको उपदेशसँग बितेको छ।

सदस्य बनेको केहि समयपछी दक्षिणएसिया धर्मप्रचार केन्द्रका केन्द्र प्रमुख माशातोशी शिमामुराजिसँग कोसेइ काइको उपदेश बारेमा सिके । तेस्पछी पनी जापानका धैरैजानसँग उपदेशको बारेमा सिके । र मुख्य मन्दिरबाट गरिएको लिडर तालिममा भाग लिन जापानको मिता मन्दिर, फुनाबाशी मन्दिर र कासुकाबे मन्दिर पनी गए।

२००९मा श्री लन्का शाखालाई श्री लन्का मन्दिरमा परिणत गरियो र यहाँ पहिलो प्रमुख भएर रेबरेन्ड योशिआकी यामामोतोजी आउनु भयो।

त्यो बेलामा म मानिसहरुसँगको संबन्धले गर्दा केहि चिन्तित थिए। म सधै आफु मात्र सही अनि आफ्नो कुरा मात्र अरुले सुनोस भनेर हरेक कसै न कसैसँग बिबाद गरी रहेको हुन्थे।

घरभित्र पनी म सबैभन्दा ठुलो मान्छे भन्ने सोच्थे र श्रीमती र छोरीको कुरा केहि पनी सुन्दिनथे।

तेस्तोबेलामा मलाई रेबरेन्ड यामामोतोले "आफुमा बुद्धत्व छ भन्ने कुरामा बिश्वास गर र आफुमा हुने बुद्धत्व जस्तै अरुमा पनी हुन्छ भन्ने बिश्वास गरेर नमन गर्नु" भनेर उपदेश दिनु भयो। र यहाँ जेजती हुन्छन सबै बुद्धकाउपदेश हुन भनेर पनी सिकाउनु भयो।

२०१६मा ३५ बर्ष काम गरेको अफिसबाट रिटाएर भए र कोसेइ काइको सेबा-कर्मचारी भए । तेस्पछी मैले रेबरेन्ड यममोतोजिसँग काम गर्दै गर्दा मेरो जिवन परिवर्तन भयो। सधै आभारी र लचिलो मन बनाउने कुरा महत्वपुर्ण हो, परिवार र संघका साथिहरुमा हुने बुद्धत्वल बिश्वास गरेर नमन गरेमा आफ्नो बुद्धत्व झन बढ्ने रहेछ भन्ने लाग्यो।

२०१९मा रेबरेन्ड यामामोतोको ठाउमा रेबरेन्ड हिरोनोबु सुजुकिजी आउनुभयो । वहाँले "१) समयमा आउनु २)



*"घर आधार" अन्तर्गतको होजामा भाग लिदै बिजयरत्नेजी*

सफासुग्घर गर्नु ३) अभिबादन गर्नु" भन्ने ३ चिजको अभ्यास गर्नु धेरै महत्वपुर्ण छ भन्नु भयो। मलाई कही पनी समयमा पुग्न धेरै गाह्रो लाग्थ्यो तर हरेक दिन अभ्यास गर्दागर्दै समयमा पुग्ने भएको छु।

रेबरेन्ड सुजुकिको सल्लाह बमोजिम अरु सदस्यलाई महत्व दिएर बिश्वास गरेमा सदस्यहरुले पनी आफुलाई बिश्वास गर्ने रहेछन भन्ने कुरा बुझे।

मलाई यो पनी थाहा भयो कि अरुलाई कुनै काम अराउनु भन्दा पनी आफैले त्यो पहिला गर्दै गएमा जिवन राम्रो हुँदै जादो रहेछ भनेर।

२०२०मा श्रीमतीको क्यान्सरको शल्यकृया गर्दा संघका साथिहरुले शल्यकृया सफल होस भनेर क्यान्डिमा भएको बुद्धको दात राखिएको मन्दिर र अनुराधापुरमा भएको श्री माहा बुद्ध पिपलमा दर्शन गर्न गएर त्यहाँ पुजा गरे। र एक जना सदस्यकी छोरी डाक्टर रहिछन जो क्यान्सर बिभागमा काम गर्ने रहिछिन जस्ले हामीलाई बिबिध सल्लाह दिइन। श्रीमतीको रोगद्वरा मलाई बुद्धले संघको महत्व र बुद्ध पुजन गर्दा पाइने पुण्यको बारेमा सिकाएको हो जस्तो लागेको छ।

मैले रेबरेन्ड सुजुकिबाट जस्तो सुकै नराम्रो अवस्थालाई पनी राम्रो तर्फ मोड्न सकिन्छ भनेर पनी सिकेको छु।

३ बर्ष अघी सुरु भएको कोरोनाको माहामारिले गर्दा श्री लन्कामा घरबाट बाहिर निस्कन निषेध गरियो र मन्दिरमा जान मिलेन। तेस्तो बेलामा रेबरेन्डले "श्री लन्का पवन" भन्ने होम पेज बनाएर सदस्यहरुकोलागि भनेर हरेक दिन संस्थापकको प्रवचन प्रशारण गर्नुभयो। र अध्यक्षको कुरा हेरेर मैले कुनै पनी कुरा गरी रहनुको महत्व बुझे। कोरोना माहामारी जस्तो नकारात्मक बेलामा पनी राम्रो केहि गर्नु पर्छ भन्ने रेबरेन्डको काम देखेर मलाई आफुलाई दिइएको दाइत्व पुरा गर्नु पर्छ भन्ने कुरा सिके।

रेबरेन्ड सुजुकिले मन्दिर मात्र होईन कि हफ्तामा एकपटक मन्दिर वरिपरिको बाटो पनी सफा गर्नु हुन्छ। म पनी वहाँले जस्तै समयलाई पालना गरेर मन लगाएर मन्दिर सफा गर्ने छु भन्ने छ। र हरेक दिन भेट हुने मान्छेको बुद्धत्व नमन गरेर सधै आभारी हुन्छु भन्ने बुद्धको उपदेशलाई अभ्यास गर्ने छु भनेर प्रण गर्दछु।

अज मेरो कुरा सुनिदिनु भएकोमा धेरै धन्यवाद।

श्री लन्का मन्दिरको २५औ वार्षिक उत्सब" मा गरिएको एक पौराणिक नाटकमा भाग लिदै बिजयरत्नेजी।



*पुर्णिमा पुजा (२०२३ अप्रिल ५) म शि लन्का मन्दिरमा गरिएको होजामा बोल्दै बिजयरत्नेजी (देब्रे बाट तेस्रो)*

# कमिक: रिश्शो कोसेइ काइको जानकारी

## शाक्यमुनीको जीवनी र बुद्धधर्मको उपदेश

### चिजबिजको साचो रुप

सद्धर्म पुण्डरिक सुत्रमा यो संसारमा हुने सर्बचिजको साचो रुप के हो भनेर हेर्नु जरुर हुन्छ भन्ने उपदेश छ। यो “सर्बचिजको साचो रुप” लाई “धर्मता” भनेर भनिन्छ।


हामीहरु यो संसारमा हुने सबै चिजहरुलाई हाम्रो आफ्नो नजरले मात्र तेस्लाई हेर्ने गर्दछौ।

जस्तोकी हामी हिड्ने बाटोमा ढुङ्गा झरेर आयो रे भनौ, धेरैलाई तेस्तो ढुङ्गा देखेर “कस्तो दुख दिएको... ।” भन्ने लाग्छ।

तर ढुङ्गाबाट हेर्दा ढुङ्गा त ढुङ्गा हो तेस्ले कसैलाई दुख र बिपत दिन खोजेको हुँदैन। मतलब ढुङ्गाले “दुख दिएको...” भन्ने कुरा खाली हामी मानवहरुको दृष्टिकोण मात्र हो।

यसरी हामीहरु पूर्वाग्रह र आफुलाई मन पर्ने कुराबाट मात्र निर्णय गर्ने गर्दछौ। र हामीले चिजबिजलाई हेर्दा तेस्को वास्तबिक रुप के हो त भनेर सोच्ने गर्दैनौ।

सद्धर्म पुण्डरिक सुत्रमा एस्ता चिजबिजहरु, मानिसहरु, र हुने सबै कुराहरुको वास्तिबक स्वरुप के हो त भनेर बुझ्न जरुरी छ भनेर उपदेश दिइएको छ।



**केहि तथ्य**

“धर्मता” “धर्म” भनेर साचो रुप या सत्य हो र “सद्धर्म पुण्डरिक को “धर्मता भनेको खाली बुद्धलाई मात्र हेर्नु” भन्ने अर्थ लाग्छ र पूर्वाग्रह नराखी सबै चिज हेर्नु पर्छ भनेर उपदेश दिइएको छ।

※ *यो कमिक निजी प्रयोजन बाहेक बिना अनुमती प्रतिलिपी बनाउन र छाप्न निषेध गरिएको छ।*

## “तीन बग्गी र आगलागिको नैतिक कथा”




सद्धर्म पुण्डरिकमा ७वोटा नैतिक कथाहरु छन जस्लाई “पुण्डरिक सुत्र७ नैतिक कथा” भनिन्छ। “पुण्डरिक सुत्र ७ नैतिक कथा” भनेको कठिन लाग्ने सद्धर्म पुण्डरिक सुत्रलाई सजिलोसँग बुझाउन कथाद्वरा सजिलिसँग बुझाइने उपदेशहरु हुन ।तेस्तो कथाको पहिलो हो “तीन बग्गी र आगलागि” हो ।एकदेशमा एक बृद्ध एक पुरानो घरमा बस्थे। एकदिन त्यो घरमा आगलागि हुन्छ। घरभित्र आगो लागेको पनी थाहा नपाई केटाकेटीहरु खेली रहेका थिए। बहिरा ति बृद्धले ठुलो स्वोरमा आगो लाग्यो भाग भन्छन तर उनिहरुले सुन्दैनन।

ति बृद्धले आफ्न केटाकेटीहरुले पहिलदेखी नै बग्गी या गाडाहरु चाहिरहेको भन्ने कुरा सम्झे र बग्गिहरु बाहिरा छ लिन आउनु भने। त्यो सुनेर सबै केटाकेटीहरु आगो लागेको घरबाट बाहिर निस्कन्छन। केटाकेटीहरु सकुशल बहिरा निस्केको देखेर ति बृद्ध धेरै खुशी हुन्छन र सबैलाई ठुलो सेतो बैल गाडा दिन्छन भन्ने कथा हो ।बृद्ध भनेको बुद्ध, केटाकेटी हामीहरु, भत्किन लागेको घर भनेको हाम्रो लगाब, आगलागी भनेको दुख, र ति बग्गी गाडाहरु भनेको उपदेश। लोभ या लालचमा फस्ने हामिहरु सत्यको संसारमा कसरी जाने भनेर सिकाउने बुद्धको उपदेश र दयालाई यो कथामा दर्शाइएको छ।

**केहि तथ्य**

तीन बग्गी भन्नाले भेड, मृग र बैलको बग्गी। बुद्धको पथमा श्रब्यदृश्य, कर्म र बोधिसत्व भन्ने तीन पथ भन्ने अर्थ लाग्छ र बुद्धको तपस्या गर्ने जो सुकैलाई पनी सर्बश्रेष्ठ उपदेश “सेतो बैलको गाडा” दिइन्छ भन्ने हो। यो सद्धर्म पुण्डरिकको “तेस्रो अध्यायमा” लिखित छ।

# बुद्ध बन्न जन्मिएको

## बुद्ध बन्न नसक्ने कोही हुँदैनन

Rev. Nikkyo Niwano
Founder of Rissho Kosei-kai



सद्धर्म पुण्डरिक सुत्रलाई भक्ती गर्ने साथिहरुसँगको साथ पाए जिन्दगीमा कही हराउनु पर्ने छैन । आफुले केहि गर्न नसक्ने समस्याहरुपनी साथिहरुसँग कुरा गर्दा या उनिहरुले दिने सुझाब सुन्दा एस्ता "संबन्ध"ले नै मेरो बुद्धत्व खुल्नेछ भन्ने मनन गरेमा सुल्झिने गर्छ ।

बुद्धको साँचो कामना भनेको सबैजनलाई बुद्ध बनाउने कुरा हो । मैले रिश्शो कोसेइ काइ स्थापना गरेको पनी "परम कर्म" ले गर्दा हो । र कोसेइ काइलाई असंख्य मान्छेले तन मनले सहयोग गरिरहेका छन । सदस्यहरुले "एक जनाले अर्को एक जना मिचिबिकि" गर्ने सजिलो उपायले धर्मको पथमा हिड्ने नै बुद्धको साँचो चेला हुन ।

"आफुलाई बिर्सेर अरुको सेवा गर्नु" भन्ने कुरा सजिलोसँग गर्न सक्ने मानिस बढ्दै जादा "उपदेश नसुन्ने बुद्ध बन्न सक्दैन" भन्ने सुत्रको श्लोकमा भनिएको आभारिपनलाई बुझ्न सकिनेछ ।



# Director's Column

## चाहनाको निर्देशनहरु

Rev. Keiichi Akagawa
Director, Rissho Kosei-kai International

सबैजना नमस्ते। अध्यक्षले यो महिनाको प्रवचनमा "चाहना या लोभ" को बारेमा भन्नु भयो। "चाहना" प्रयोग गरिने हिसाबले फाइद र बेफाइद दुबै हुन्छ सक्छ भन्ने लाग्छ" "लोभले लाभ लाभले बिलाप" भनिए जस्तै धेरै चाहना गरेमा "चिन्ता" र "दुख" भोग्न परेको अनुभव हामी सबैले गरेका छौ होला।

यो प्रवचनमा "कम चाहना गर्ने" "पुग्यो भनेर बुझ्ने" "पुग्यो भनेर खुशि" हुने भन्ने जस्ता अति घत लाग्ने कुराहरु बताउनु भएको छ। "पुग्यो भनेर खुशि" भन्ने कुरा बुझ्न सकेमा हाम्रो जिन्दगी कती खुशी हुन्थ्यो होला। र यो सुनेर एस्तो कुरा आफ्नो दैनिकिमा अभ्यास गर्छु भन्ने इक्षा जागेर आयो।

कोसेइकाइसँगको भेट, संस्थापक र अध्यक्ष जस्ता गुरुसँगको भेटमा आभारी भएर अलिअली गरी सद्धर्म पुण्डरिकको गुदिसम्म अलिकती नजिका हुँदै साथिहरुसँग अभ्यास गर्दा पाइने पुण्यको खुशीलाई फेरी एकचोटी अनुभव गर्न मन लाग्ने खालको प्रवचन थियो यो।

शाक्यमुनिका "१० बिशेषण" हरुमा "पुरुषदम्य्सारथि" भन्ने उपादी पनी छ। परोपकारी मनलाई नबिर्सी आफ्ना चाहनालाई न्यिण्त्रण गर्न सकु भनेर हरेकदिन अभ्यास गर्दै जानेछु।




# Rissho Kosei-kai International

**Make Every Encounter Matter**



## A Global Buddhist Movement




Information about local Dharma centers

facebook

twitter

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp